**प्रश्न नं. ४२**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ५००२ देखि ५१२३ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

बिर्खेबहादुर थापाको जाहेरीले नेपाल सरकार

बिरुद्ध

धरान जिल्ला धरा नगरपालिका वडा नं. १५ बस्ने दिपक गुरूङ

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- २०७५।८।१ गतेका दिन मेरो छोरा हर्के बहादुर थापा धरान १५ स्थित मदन रोड हुदै भानु चोक तर्फ जादै गरेको अवस्थामा प्रतिवादीहरु दिपक गुरुङ्ग समेतले धारिलो हतियार बोकी मेरो घर कोठामा समेत आई खोज पछि फेला नपार्दा खोज्दै जादा घटना भएको स्थानमा फेला पारेपछि आफुहरुसँग बोकेको हतियारले प्रहार गर्दा हर्के बहादुर घाईते भएको र उपचारको क्रममा मृत्यु भएकोले निज प्रतिवादीहरुलाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दामा कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको बिर्खे बहादुर थापाले जिल्ला प्रहरी कार्यालय धरानमा दिएको जाहेरी दरखास्त ।
- प्रतिवादीहरुले धारिलो हतियार प्रहार गरी घाइते बनाएको भन्ने समेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का
- धारिलो हतियार प्रहारको कारण लागेको चोटबाट मृतकको ज्यान गएको भन्ने पोष्ट मार्टम रिपोर्ट ।
- रिना थापा र सुर्य बहादुर थापाले मौकामा गरेको कागज
- मृतक हर्के थापाले दिपक गुरुङ्गलाई औधी दुख दिने गरेको कारण दिपकले यसलाई ठिक पार्नुपर्छ भनी अमित संग भनी सहमत भै छुरा प्रहार गरी हामीहरुले कर्तव्य गरी मारेका हौ भन्ने समेत प्रतिवादी अमित शर्माले अनुसन्धान अधिकृत समक्ष गरेको बयान ।
- प्रतिवादीहरुको मिलेमतोमा सामुहिक र संगठनीक रुपमा धारिलो हतियार छुरा प्रयोग गरी मृतक हर्के बहादुरलाई घाईते बनाई सोही चोटबाट उपचारको क्रममा निजको मृत्यु भएको निज प्रतिवादीलाई मुलुकी फौजदारी संहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।
- प्रतिवादीहरुको अदालतमा ईन्कारी बयान
- धरान जिल्ला अदालतबाट भएको फैसला
- उच्च अदालत विराटनगरमा प्रस्तुत गरेको पुनरावेदन पत्र